# बाँके जिल्ला अदालतबाट जारी भएको सूचना

प्रस्तुत विषय सम्बन्धमा विश्व महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को जोखिम बढ्दै गएकाले बार बेञ्च र सरकारी वकील बीच बसेको मिति मिति २०७७/०५/ १६ गतेको बैठकबाट अत्यावश्यक सेवा बाहेकका सेवा स्थगन गरिएको सबैमा विदितै छ ।आज यस अदालतमा बार बेञ्च तथा सरकारी वकीलसंगको बैठक बसि दिन/प्रतिदिन कोरोना संक्रमितको संख्या बढ्दै जानुका साथै जोखिमको सम्भावना उच्च दरमा बढ्दै गएको अवस्थालाई मध्यनजर गर्दै कोरोनाको जोखिमबाट सेवाग्राही, कानून व्यावसायी, न्यायाधीश तथा कर्मचारीहरु समेत संक्रमित हुने सक्ने अवस्थालाई दृष्टिगत मिति २०७७/५/१६ को बैठकबाट निर्धारण गरिएका सेवा सहित देहाय बमोजिमका सेवाहरुलाई प्रवाह गर्ने र अन्य सम्पुर्ण सेवाहरु मिति २०७७/५/२२ गते देखि मिति २०७७/५/२६ सम्म स्थगन गर्ने निर्णय गरिएको छ । यस अदालतबाट प्रवाह गरिने सेवालाई नियमित तथा थप सेवा प्रवाह गर्न सम्बन्धमा मिति २०७७/०५/२६ गते पुन: बार बेञ्चको बैठक बस्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## देहाय

१. म्याद थप गर्ने ।

२. जरुरी पक्राउ पुर्जी समर्थन गर्ने ।

३. कल डिटेलको लागि अनुमती दिने ।

४. मुलुकी फौजदारी कार्यविधी संहिताको दफा १५५ नं. बमोजिम परेको निवेदन दर्ता तथा सुनुवाई गर्ने ।

५. कोरोना परीक्षण PCR गरेर बसेका फरारी प्रतिवादीहरु हाजिर गर्ने ।

६. घरेलु हिंसाको मुद्दा दर्ता गर्ने ।

७. बन्दीप्रत्यक्षीकरणका निवेदन दर्ता र सुनुवाई गर्ने ।

८. अन्तिम म्याद भएका अभियोग पत्र दर्ता गरी आवश्यक कारवाही अगाडी बढाउने

**यहाँहरुलाई पर्न गएको असुविधाप्रति क्षमाप्राथी छौं ।**

मिति:-२०७७/५/१६

शाखा अधिकृत